

# ९ येशू, बिल्कुल दोषरहित सिद्ध बलि

***यस अध्यायका मूल पदहरू:*** *हिब्रू ९:१५, उत्पत्ति १५:६-२१, यर्मिया ३४:८-२२, एफिसी ३:१४-१९: हिब्रू ७:२७, हिब्रू १०:१० र हिब्रू ९:२२-२८।*

***यस अध्यायको मूल सार पद:*** *"किनकि एउटै बलिद्वारा जो पवित्र तुल्याइँदैछन्, तिनीहरूलाई उहाँले सदाको निम्ति सिद्ध बनाउनुभएको छ" (हिब्रू १०:१४)।*

दोषले लादिएका र अपराधमा गनिएको व्यक्ति जसलाई क्रूसमा झुण्ड्याएर मारियो, त्यसलाई परमेश्वर भनेर उहाँको पूजा वा आराधना गर्नुभनेको पौराणिक सभ्यताका दिमागको निम्ति वाक्क लाग्दो थियो। रोमको साहित्य र इतिहासमा येशूको बारेमा कममै लेखिएकोले उहाँप्रति रोमले रुची नदेखाएको पाइन्छ। यहूदीहरूको व्यवस्थामा पनि, जो मानिस क्रूस वा रूखमा झुन्ड्याइन्छ त्यो मानिसमा परमेश्वरको श्राप परेको छ भन्ने धारणा छ (व्यवस्था २१:२३)।

पहिलो शताब्दीमा इसाईहरू यातना सहन नसकि रोमका अंध्यारो गुफाहरूमा लुकेका थिए र त्यहाँ मरेका इसाईहरूलाई गाडेका थिए। त्यसबेला तिनीहरूले ती गुफाका भित्ताहरूमा विभिन्न चित्रहरू कोरेका थिए। ती चित्रहरूमा मयुर (पौराणिक ग्रिक सभ्यतामा मयुर अनन्त जीवनको प्रतिक थियो), ढुक्कुर, बिजयी खेलाडीले हातमा खजुरको रूखको पात हातमा लिएको र माछा थिए। पछि लुकेका इसाईहरूले सुरुङ्गको भित्तामा कोरेका चित्रहरूमा, नोहाको जहाज, अब्राहमले इसहाकको सट्टा भेँडा बलिदिएका, दानिएल सिँहहरूको खोरमा परेको, माछाले योनालाई मुखबाट निकालेको, गोठालाले पाठोलाई बोकेको, येशूले पक्षाघात भएकोलाई निको पार्नुभएको र लाजरसको पुनरुत्थान जस्तो अचम्मका कामहरू देखाउने चित्रहरू थिए। ती चित्र वा

प्रतिकहरूले मुक्ति, विजयी, र हेरचाहकोबारेमा चित्रण गरेका थिए। तर येशूलाई क्रूसमा झुन्ड्याइएको चित्र भने छैन, बरू अङ्कुसको छ जसले येशूमाथिको भरोसालाई देखाउँदछ। त्यस समयका मानिसहरूको दिमागमा क्रूस, हार र लाज वा बेइज्जतको प्रतिक थियो। यद्यपि, इसाई जगतमा क्रूस इसाई चिन्ह हुन गयो। अझ, पावलले त सुसमाचारलाई "क्रूस, परमेश्वरको वचन वा सुसमाचार र उहाँको शक्ति" भनेर १ कोरन्थी १:१८मा ठोकुवा गर्दछन्।

हिब्रूको पुस्तकमा क्रूसलाई कसरी चित्रण गरेको छ, यस अध्यायमा हामीले हेर्नेछौं।

## १. पशुबलिहरूको आवश्यकता किन?

येशूको बलिबारेमा पावलले आफ्नो स्पष्ट धारणा हिब्रू ९:१५मा यसरी राख्दछन् "यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरूले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरून्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ," अर्थात्, पहिला करारका मानिसहरूले करारका आज्ञाहरू भङ्ग गरेको हुनाले परमेश्वरका जनहरूले अनन्त जीवनको हकदार हुन सकुन् भन्ने हेतुले येशू बलि हुनुभएर क्रूसमा मर्नुभएको थियो।

पौराणिक मध्यपूर्वमा, दुई व्यक्तिहरू वा राष्ट्रहरूको बीचमा भएको करार वा सम्झौता एकदम गम्भिर विषय थियो। जब करार वा सम्झौता गरिन्छ तब त्यसलाई अनुमोदन गर्न देवताहरूको नाउँमा किरिया खान्दै प्रतिज्ञाहरू गर्दथे। यदि किरिया खाएर पनि सम्झौता भङ्ग गरे, देवीदेवताहरूले तिनीहरूलाई दण्ड दिनेछन् भनेर अनुमान गरिन्थ्यो। प्रायजसो पशूको रगतले करारलाई अनुमोदन गरिन्थ्यो।

उदाहरणमा, जब परमेश्वरले अब्राहमसँग करार बाँध्नुभयो, तब पशूहरूलाई आधा आधा गरेर काट्न लगाउनुभएको थियो (उत्पत्ति १५:६-१२)। जब काटिएको पशुहरूको बीचमा करार बाँधिएका समूह हिँड्छन् तब यदि करार भङ्ग गरे तिनीहरूको गति पनि त्यस्तै हुनेछ भनेर देखाउँथ्यो। तर, अब्राहमको मामिलामा, केवल परमेश्वरमात्र ती पशूहरूको बीचमा हिँड्नुभएको थियो। त्यसको अर्थ परमेश्वरले अब्रहामसँग गर्नुभएको करार उहाँले तोड्नुहुन्न भन्ने सन्देश अब्राहमलाई दिइएको थियो।

उत्पत्ति १५:६-२१ र यर्मिया ३४:८-२२लाई तुलना गर्दै पढ्नुहोस्। ती दुवै अंशहरूले करारको बारेमा हामीलाई के सिकाउँछ? हेर्नुहोस्, "५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, “आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर त।” उहाँले तिनलाई भन्नुभयो, “तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।” ६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो। ७ फेरि उहाँले तिनलाई भन्नुभयो, “यो देश तिम्रो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तिमीलाई ल्याउने परमप्रभु म नै हुँ।” ८ तर अब्रामले भने, “हे परमप्रभु परमेश्वर, मैले यसको अधिकार गर्न पाउँछु भनेर म कसरी थाहा पाऊँ?” ९ उहाँले तिनलाई भन्नुभयो, “मेरो निम्ति तीन वर्षको एउटा कोरली, तीन वर्षको एउटा बाख्रा, तीन वर्षको एउटा भेड़ा, एउटा ढुकुर र एउटा परेवाको बच्चा ल्याऊ।” १० तिनले ती सबै उहाँकहाँ ल्याए, र माझमा दुई-दुई फ्याक पारेर हरेक फ्याक आमनेसामने राखिदिए। तर पन्क्षीहरूचाहिँ तिनले दुई-दुई फ्याक पारेनन्। ११ अनि चील र गिद्धहरू ती मरेका पशुपन्क्षीहरूमाथि झम्टँदा अब्रामले तिनीहरूलाई धपाए। १२ सूर्य अस्ताउँदा अब्राम मस्त निद्रामा परे, अनि डरलाग्दो र घोर अन्धकारले तिनलाई छोप्यो। १३ तब परमप्रभुले अब्रामलाई भन्नुभयो, “यो निश्चय जानिराख्, कि तिम्रा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन्, र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्। १४ तर तिनीहरू जुन जातिका दास बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु, र पछिबाट तिनीहरू धेरै धन-सम्पत्ति लिएर निस्किआउनेछन्। १५ तिमीचाहिँ आफ्ना पितृहरूकहाँ शान्तिसित जानेछौ। तिम्रो पूरो बुढ़ेसकालमा तिमी गाड़िनेछौ। १६ चौथो पुस्तामा तिम्रा सन्तानहरू तिनीहरू फेरि यहाँ आउनेछन्, किनकि एमोरीहरूको अधर्म अहिलेसम्म पूरा भएको छैन।” १७ सूर्य अस्ताएपछि जब अँध्यारो भयो तब मासुका टुक्राहरूका बीचबाट धूवाँ आइरहेको आगोको एउटा मकल र बलिरहेको एउटा राँको छिरिगयो। १८ त्यसै दिन परमप्रभुले अब्रामसित यसो भनेर करार बाँध्नुभयो, “तिम्रा सन्तानहरूलाई मिश्रदेशको नदीदेखि महानदी यूफ्रेटिससम्मको यो देश मैले दिएको छु— १९ केनी, कनज्जी, कदमोनी, २० हित्ती, परिज्जी, रपाई, २१ एमोरी, कनानी, गिर्गाशी र यबूसीहरूका देशहरू दिएको छु" (उत्पत्ति १५:५-२१) र "८ परमप्रभुको वचन यर्मियाकहाँ त्यस बेला आयो, जब सिदकियाह राजाले यरूशलेमका सबै मानिसहरूसित कमाराहरूका निम्ति छुटकाराको

घोषणा गर्ने करार बाँधेका थिए। ९ हरेकले आफ्नाआफ्ना हिब्रू कमारा-
कमारीहरूलाई स्वतन्त्र गरिदिनुपर्थ्यो। कसैले पनि आफ्नो यहूदी दाजुभाइलाई
कमारो तुल्याउनुहुँदैनथ्यो। १० यसैले यस करारमा संलग्न भएका अधिकारी र
मानिसहरू सबैले आ-आफ्ना कमारा-कमारीलाई स्वतन्त्र गरिदिन र फेरि
कमारा नतुल्याउन भनी स्वीकार गरे। अनि तिनीहरूले सहमत भएर
उनीहरूलाई स्वतन्त्र गरिदिए। ११ तर पछि तिनीहरूले आफ्नो मन बदली
गरेर आफूले स्वतन्त्र गरेका कमारा-कमारीलाई ल्याए र फेरि कमारा-कमारी
नै तुल्याए। १२ तब परमप्रभुबाट यो वचन यर्मियाकहाँ आयोः १३ "परमप्रभु
इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः जब मैले तिमीहरूका पिता-पुर्खाहरूलाई
मिश्रदेश, अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ, तब मैले तिनीहरूसित यसो
भनेर करार बाँधेको थिएँ, १४ 'प्रत्येक सातौं वर्षमा तिमीहरूका हातमा
आफूलाई बेचेका तिमीहरूका हिब्रू दाजुभाइहरूलाई स्वतन्त्र गर्नू। छ वर्षसम्म
तिमीहरूको चाकरी गरिसकेपछि त्यसलाई मुक्त गरेर छोड़िदिनैपर्छ÷। तापनि
तिमीहरूका पिता-पुर्खाले मेरा कुरा सुनेनन् अथवा ध्यानै दिएनन्। १५
तिमीहरूले चाहिँ भर्खरै पश्चात्ताप गऱ्यौ। तिमीहरू हरेकले आफ्ना
देशवासीहरूलाई मुक्त गरेर मेरो दृष्टिमा जे असल छ त्यो गऱ्यौ। मेरो नाउँ
कहलिएको घरमा मेरो सामुन्ने तिमीहरूले एउटा करार बाँध्यौ। १६ तर अब
तिमीहरूले मन बदली गरेर मेरो नाउँ बिटुलो पारेका छौ। तिमीहरू हरेकले
जुन कमारा-कमारीलाई तिनीहरूको इच्छाअनुसार छोड़िदिएर मुक्त गरिदिएका
थियौ, उनीहरूलाई फेरि आफ्ना कमारा-कमारी तुल्याउनलाई बलजफती
गऱ्यौ। १७ "यसकारण परमप्रभु यसो भन्नुहुन्छः तिमीहरूले मेरो आज्ञापालन
गरेका छैनौ, र आफ्ना स्वदेशी दाजुभाइलाई स्वतन्त्र पार्ने घोषणा गरेका
छैनौ। यसकारण म अब तिमीहरूका निम्ति 'स्वतन्त्रता÷ घोषणा गर्छु—
तिमीहरूलाई तरवार, रूढ़ी र अनिकालद्वारा मर्ने स्वतन्त्रताको घोषणा गर्दैछु।
म तिमीहरूलाई पृथ्वीका सबै राज्यहरूका निम्ति घृणित तुल्याउनेछु। १८ मेरो
करार भङ्ग गर्ने र मेरो सामु गरेका करारका शर्तहरू पूरा नगर्ने ती
मानिसहरूसँग म त्यही बाछासँग जस्तै व्यवहार गर्नेछु, जसलाई तिनीहरूले दुई
फ्याक पारेर तिनका बीचबाट हिँड़े। १९ यहूदाका र यरूशलेमका अगुवाहरू,
महलका अधिकृतहरू, पूजाहारीहरू र देशका सबै मानिसहरू जो बाछाका दुई
फ्याकका बीचबाट हिँड़ेर गए, २० म तिनीहरूलाई तिनीहरूका प्राण लिन
खोज्ने शत्रुहरूका हातमा दिनेछु। तिनीहरूका लाशहरूचाहिँ आकाशका
पन्क्षीहरू र पृथ्वीका पशुहरूका आहार हुनेछन्।

**२१ "यहूदाका राजा सिदकियाह र त्यसका अधिकारीहरूलाई तिनीहरूका प्राण लिन खोज्ने शत्रुहरूका हातमा र बेबिलोनको राजाका सेनाको हातमा सुम्पिदिनेछु, जुन सेना तिमीहरूदेखि फर्केर गएको छ। २२ परमप्रभु भन्नुहुन्छ, म हुकुम दिनेछु, र उनीहरूलाई यस सहरमा फर्काएर ल्याउनेछु। उनीहरूले यस सहरको विरुद्धमा लड़ाइँ गरेर त्यसलाई लिइहाल्नेछन्, र त्यसलाई जलाइदिनेछन्। अनि म यहूदाका नगरहरूलाई बासिन्दा नै नभएको उजाड़-स्थान बनाइदिनेछु, ताकि त्यहाँ कोही बस्न नपाओस्" (यर्मिया ३४:८-२२)।**

परमेश्वरसँग गरिएको करारमा परमेश्वरले इस्राएलीहरूलाई प्रतिज्ञा गरिएको देश तिनीहरूलाई आफ्नै बनाउन सुम्पनु भएको थियो। त्यसमा आदेशहरू पालन गर्नुपर्थ्यो र बेदीमा रगत छर्किनुपर्दथ्यो। यदि कसैले करार भङ्ग गरियो भने उसको गति के हुनेछ भनेर छर्किएको रगतले देखाउँथ्यो। त्यसकारण हिब्रूमा यसरी लेखिएको छ, "व्यवस्थाअनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन" (हिब्रू ९:२२)।

जब इस्राएलले करार तोड्यो तब परमेश्वर दर्दनाक वा कठिन द्विविधा वा धर्मसङ्कटमा पर्नुभएको थियो। करारले करार भङ्ग गर्नेको मृत्युको माग गरिएको थियो, तर परमेश्वरले उहाँका जनहरूलाई प्रेम गर्नुहुन्थ्यो। यदि परमेश्वरले ल जे भयो भइहाल्यो भनेर र तिनीहरूलाई त्यसै छोडिदिनुभयो वा करार भङ्ग गर्नेलाई सजायँ दिइएन भने उहाँका आज्ञाहरूलाई कहिल्यै पनि लागु गर्न सक्दैनथ्यो, र यस संसार भद्रगोल अवस्थामा खस्किन्थ्यो।

तर, त्यसबेला परमेश्वरको पुत्रले ती मानिसहरूको सट्टा आफै मर्ने भनेर आफूलाई सुम्पिनुभयो। हाम्रो सट्टामा उहाँ मर्नुभयो। हिब्रूमा यसरी लेखिएको छ "१५ यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरूले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरून्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्वारा पहिलो करारको समयमा भएका अपराधहरूबाट उद्धार पाइन्छ।...२६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति

होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति" (हिब्रू ९:१५, २६)। यसै सन्दर्भमा रोमीको पुस्तकमा पनि यसरी दिइएको छ, "२१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो" (रोमी ३:२१-२६)। त्यसको अर्थ उहाँको व्यवस्थाको पवित्रता र गरिमालाई उहाँले उचालि राख्नुहुनेछ र त्यसैबखत त्यस व्यवस्थालाई भङ्ग गर्नेलाई पनि उद्धार गर्नुहुनेछ। तर, त्यसको लागि उहाँले केवल क्रूसबाटमात्र सम्भव भएको थियो।

**सुसमाचारको केन्द्रविन्दु परमेश्वरको व्यवस्था वा दश आज्ञा हुन् भनेर माथिको विवरणबाट हामीले कसरी हेर्न सक्छौं?**

## २. विभिन्न खालका पशुबली र भेटीहरू

हाम्रा पापहरूबाट क्षमा पाउन वा तिनीहरूलाई पखाल्ने प्रावधान, येशूको मृत्युले उपलब्ध गराएको छ। तर, हाम्रा पापहरूबाट हामीले क्षमा पाउनु भनेको केवल हामीले भङ्ग गरेका करारका आज्ञाहरूको कारण पाउने सजायँबाट मुक्त हुनु वा हाम्रा पापहरू मेट्नुमात्र होइन। यसमा अरू महत्त्वपूर्ण तत्वहरू पनि समावेश भएको छ। त्यसैकारण, इस्राएलीहरूमा भएका बलिप्रथामा पाँच किसिमका बलिहरू छन्। प्रत्येक बलिले ख्रीष्टको क्रूसको अर्थ अत्यन्तै उल्लेखनीय तरिकाले व्यक्त गर्दछ र मुक्तिको विज्ञानको योजना बुझ्न, ती अर्थहरू थाहा पाउन आवश्यक छ।

**पावलले आफ्नो विश्वासी जनहरूको निम्ति विशेष प्रार्थना गरेका थिए। त्यस प्रार्थनामा पावलको के अनुरोध थियो? हेर्नुहोस्, एफिसी ३:१४-१९, "१४ यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, १५ जसद्वारा**

**स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ। १६ म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, १७ र विश्वासद्वारा खीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, १८ सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, १९ र ज्ञानलाई माथ गर्ने खीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ।"**

अग्नी वा होम बलिमा, मारिएको पशुलाई पूरै जलाउनु पर्दथ्यो (लेबी १)। यसले येशूको प्रतिनिधित्व गर्दछ अर्थात् यो येशूको प्रतिक थियो। उहाँ मानव शरीरमा आउनुभएर हाम्रो निम्ति पूरै जीवन अर्पण गर्नुभएको थियो। मानौ, हाम्रो निम्ति उहाँ क्रूसको आगोमा आफूलाई होमिनु भएको थियो। हाम्रो पापको प्रायश्चित गर्न वा हाम्रा पापहरूलाई धुन, हाम्रो निम्ति येशूको पूर्ण समर्पणता आवश्यक थियो। उहाँ परमेश्वरको बराबरी हुनुभएतापनि हाम्रो निम्ति आफूलाई पूरै रित्याउनुभयो र मानिसको सेवक हुनको निम्ति मानव चोला लिएर आफूलाई अर्पण गर्नुभयो (फिलिप्पी २:५-८)।

मानिसहरूलाई परमेश्वरले पुऱ्याउनुभएको भरण-पोषण वा जीवन सुचारुरूपमा चलिरहन उहाँको भौतिक आशिषप्रति आभारित भएर तिनीहरूले अन्न बलि वा भेटी चढाउँछन् (लेबी २)। यसले येशूको प्रतिनिधित्व गर्दछ वा उहाँको प्रतिक हो, जो हाम्रो जीवनको रोटी हुनुहुन्छ (यूहन्ना ६:३५,४८)। त्यही रोटी वा उहाँबाट हामी अनन्त जीवन पाउँछौं।

शान्ति वा सङ्गतिको भेटी भनेको परिवार र मित्रहरू मिलेर सामुहिक भोजन गर्ने हो। परमेश्वरले हामीलाई उपलब्ध गराउनुभएको आशिषहरू सबैसँग मिलेर रमाउँदै उत्सब मनाउन यो भेटी चढाइन्छ (लेबी ३)। यसले खीष्टको प्रतिनिधित्व गर्दछ वा यो भेटी खीष्टको प्रतिक हो। उहाँको बलिले हामीहरूको बीचमा शान्ति उपलब्ध गराइएको छ (यशैया ५३:५, रोमी ५:१, एफिसी २:१४)। प्रभु येशूको रगत र मासु खाएर (यूहन्ना ६:५१-५६) उहाँको बलिमा सहभागी हुनुपर्दछ भन्ने यस भेटीको अर्थले जोड गर्दछ। जब हामी सँगसँगै मिलेर, एक मन भएर, शान्तिमा रहेर प्रभुभोज गर्दछौं तब, हामी उहाँको त्याग र बलिमा सहभागी भएका छौं भनेर देखाउँदछ।

पाप वा शुद्ध गर्ने भेटी वा बलिले पापहरू पखाल्न प्रायश्चित गरिएको छ भन्ने देखाउँदछ (लेबी ४:१-५:१३)। यस भेटी वा बलिमा पशुको रगतको भूमिकालाई जोड गर्दछ। यसले पापहरूबाट मुक्ति पाउने प्रावधानको

प्रतिनिधित्व गर्दछ वा यो मुक्तिको प्रतिक हो (लेबी १७:११)। यस भेटी वा बलिले येशूको रगतलाई औँल्याउँछ जो हामीलाई पापबाट मुक्त गर्न क्रूसमा आफ्नो रगत बगाउनुभएको थियो (मत्ती २६:२८, रोमी ३:२५, हिब्रू ९:१४)।

दोष बलि वा सुधार गर्ने बलि वा भेटी (लेबी ५:१४-६:७), यदि सुधार गर्न सम्भव छ वा अपराध वा पापको हर्जाना तिर्न सकिन्छ भने, यो बलि वा भेटी चढाइन्छ। परमेश्वरले हामीलाई क्षमा दिनुभयो भन्दैमा सुधार गर्ने वा अरूलाई क्षतिपूर्ति दिने हाम्रो जिम्मेवारीबाट सकेसम्म पन्छिनुहुन्न यस भेटीले सिकाउँदछ। यदि कुनै व्यक्तिप्रति हामी गल्ती गरेका छौं वा उसलाई हानी वा नोक्सान पुऱ्याएका छौं भने त्यसको वापत त्यस व्यक्तिसँगको सम्बन्धमा हामी मर्मत गर्नुपर्दछ र गल्ती वा नोक्सान नगर्न हाम्रो बानीमा सुधार गर्नुपर्दछ।
अनि पवित्र मन्दिरमा विभिन्न पशुबलि वा भेटीहरू चढाइन्थ्यो। ती बलिहरूले येशू ख्रीष्ट हाम्रो मुक्तिको निम्ति मर्नुभयो भनेर स्वीकार्नेमात्र होइन भनेर सिकाउँदछ। उहाँको वचन हामीले खानुपर्दछ, उहाँले दिनुभएका आशिषहरूलाई अरूलाई बाँड्नु पर्दछ, र हामीले गल्ती गर्नेहरूलाई सोधभर्ना तिर्नुपर्दछ।

## ३. येशू सिद्ध बलि

**येशूको बलिलाई देहायका पदहरूले कसरी वर्णन गर्दछ? हेर्नुहोस्, "२६ किनकि यो उचित थियो कि हाम्रा लागि यस्ता एक जना प्रधान पूजाहारी हुनुपर्दछ, जो पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरूबाट अलग र स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ। २७ अरू प्रधान पूजाहारीहरूले जस्तै पहिले आफ्नै पापको निम्ति र त्यसपछि मानिसहरूका पापको निम्ति उहाँले दिनहुँ बलिदान चढ़ाइरहनुपर्दैन। आफैलाई अर्पण गरेर उहाँले यो काम सधैंको निम्ति एकै पल्टमा पूरा गरिदिनुभयो। २८ किनकि व्यवस्थाले दुर्बल मानिसहरूलाई प्रधान पूजाहारी नियुक्त गर्छ, तर सदासर्वदाको निम्ति सिद्ध तुल्याइनुभएको परमेश्वरका पुत्रलाई व्यवस्थाभन्दा पछि आएको शपथको वचनले नियुक्त गर्छ" (हिब्रू ७:२६-२८) र "७ तब मैले भने, 'हेर्नुहोस्, हे परमेश्वर, पुस्तकको मुट्ठोमा मेरो बारेमा लेखिएजस्तै तपाईंकै इच्छा पूरा गर्न म आएको छु÷।" ८ पहिले उहाँले भन्नुभयो, "बलि र भेटीहरू, होमबलि र पापबलिहरू तपाईंले चाहनुभएन। तपाईं तिनीहरूमा प्रसन्न हुनुभएन।" (यी त व्यवस्थाबमोजिम चढ़ाइन्छन्।) ९ अनि पछिबाट भन्नुभयो, "हेर्नुहोस्, तपाईंकै इच्छा पूरा गर्न म**

**आएको छु। " दोस्रोलाई स्थापित गर्न पहिलोचाहिँ उहाँले खारेज गर्नुहुन्छ। १० त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं। ११ हरेक पूजाहारी एकै किसिमको बलि बारम्बार चढ़ाउँदै प्रतिदिन सेवामा खड़ा रहन्छ, जुन बलिले कहिल्यै पाप हरण गर्न सक्दैन। १२ तर ख्रीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै बलिदान चढ़ाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो" (हिब्रू १०:७-१२)।**

लेबी पुजारीहरू "धेरै संख्यामा थिए, किनकि मृत्युले तिनीहरूलाई कार्यमा लागिरहन दिँदैनथ्यो" (हिब्रू ७:२३)। येशू तिनीहरूको बिपरित हुनुहुन्थ्यो। उहाँ अनन्तसम्म रहिरहनुहुने पुजारी हुनुहुन्थ्यो (हिब्रू ७:२४,२५)। लेबी पुजारीहरूले "दिनदिनै" (हिब्रू ७:२७) र "प्रत्येक वर्ष" (हिब्रू ९:२५) भेटीहरू चढाइन्थ्यो र पशुबलिहरू दिइन्थ्यो। तर तिनीहरू मानव प्राणी भएको हुनाले तिनीहरूका भेटी र पशुबलिले आराधना गर्नेहरूको विवेक वा दिमागलाई सिद्ध वा सफा गर्न सक्दैनथ्यो। यस बारे पावलले यसरी व्यक्त गर्दछन्, "यो त अहिले वर्तमान समयको निम्ति एक दृष्टान्त वा प्रतिक हो। यसले यही देखाउँछ, कि चढ़ाएका भेटी र बलिहरूले आराधकको चेतना र विवेकलाई शुद्ध तुल्याउन सक्दैनन्" (हिब्रू ९:९) र "१ किनभने व्यवस्था अब आउने उत्तम कुराहरूको खास रूप होइन, तर तिनको छाया मात्र हो। यसकारण सालिन्दै नित्य चढ़ाइने त्यही किसिमका बलिहरूद्वारा नजिक आउनेहरूलाई यसले सिद्ध पार्न सक्दैन। २ नत्रता बलि चढ़ाउने काम रोकिनेथिएन र? किनकि आराधकहरू एकै खेपमा शुद्ध पारिने भए तिनीहरूमा त्यसपछि पापको चेतना हुनेथिएन। ३ तर ती बलिदानहरूले सालिन्दा पापको सम्झना गराउँछन्। ४ किनकि साढ़े (वा राँगो) र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ" (हिब्रू १०:१-४)।

ती मानवीय पुरोहितहरूको बिपरित, येशू, आफै "एक फेरा सदाको निम्ति" एकै "बलि" हुनुभयो (हिब्रू १०:१०,१२-१४) र हाम्रा पापलाई थन्क्याउनुभयो (हिब्रू ९:२६)। येशूको बलि शाश्वत, चिरस्थायी, सधैंभरि रहिरहनेमात्र होइन त्यो कुनै पनि पशुबलिभन्दा श्रेष्ठ, उत्तम र उत्कृष्ट छ किनभने उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो (हिब्रू ७:२६-२८)। परमेश्वरको इच्छा उहाले सिद्धरूपमा पूरा गर्नुभएको थियो (हिब्रू १०:५-१०)।

"एक फेरा गरिएको बलि सदाको निम्ति कायम छ" भन्ने येशूको बलिको वर्णनको अर्थ धेरै छन्। पहिलो त, उहाँको बलि सिद्ध र पूर्णरूपमा

प्रभावकारी छ जसलाई कसैले माथ गर्न सक्दैन अर्थात् त्यो भन्दा अर्को महान् विकल्प कुनै छैन। प्रभावकारी नभएकै कारणले लेबी कूलका पुजारीहरूले बलिहरू चढाइनै रहनुपरेको थियो। यस मामिलामा पावलले यसरी व्यक्त गर्दछन्, "१ किनभने व्यवस्था अब आउने उत्तम कुराहरूको खास रूप होइन, तर तिनको छाया मात्र हो। यसकारण सालिन्दै नित्य चढ़ाइने त्यही किसिमका बलिहरूद्वारा नजिक आउनेहरूलाई यसले सिद्ध पार्न सक्दैन। २ नत्रता बलि चढ़ाउने काम रोकिनेथिएन र? किनकि आराधकहरू एकै खेपमा शुद्ध पारिने भए तिनीहरूमा त्यसपछि पापको चेतना हुनेथिएन। ३ तर ती बलिदानहरूले सालिन्दा पापको सम्झना गराउँछन्" (हिब्रू १०:१-३)।

दोस्रो, पुरानो करार वा पौराणिक इस्राएलीहरूले गर्ने विभिन्न खालका बलि र भेटी चढाउने रितिहरू क्रूसमा पूरा भएको थियो वा त्यसमा टुङ्गिएको थियो। त्यसको अर्थ, येशूले हामीलाई हाम्रो पापमात्र पखाल्नुहुन्न (हिब्रू ९:१४), उहाँले हामीलाई पवित्र जीवन बिताउन (हिब्रू १०:१०-१४) शक्तिसम्पन्न गर्नुहुन्छ। हाम्रो जीवनबाट पापहरू हटाएर (हिब्रू ९:२६) उहाँले असल र भक्ति जीवन दिन बल दिनुहुन्छ। विगतका पुजारीहरू पवित्र मन्दिरमा जानुभन्दा अघि तिनीहरू आफै पहिला सफा, चोखो, पवित्र वा अर्पण गर्नुपर्दथ्यो (लेबी ८,९)।

तर येशूको बलिले हाम्रो पापलाई उहाँले धुनुहुन्छ र परमेश्वरको सामु उहाँले हामीलाई समर्पण गर्नुहुन्छ (हिब्रू १०:१९-२३) ताकि हामी उहाँको "राजकीय र बफादारी पुजारीहरू भएर" उहाँको सेवा गर्न सकौं (हिब्रू ९:१४, १ पत्रुस २:९)।

अन्तमा आएर, येशूको बलिले हाम्रो आत्मिक जीवनलाई चाहिने पौष्टिक तत्वहरू उपलब्ध गराउनुहुन्छ। उहाँको बलि हाम्रो निम्ति अनुकरणीय उदाहरण हो, त्यसलाई आत्मसात् गरेर पछ्याउनुपर्छ र त्यस अनुसार चल्नुपर्छ। तर, त्यो खुबी वा हामीलाई आत्मज्ञानको खुराक हामी आफैलाई हेरेर होइन, न त कुनै अगुवाहरूलाई हेरेर, तर येशूमा नै हाम्रो आँखालाई एक टक लगाएर राख्न सकेपछिमात्र पाउँदछ। विशेष गरेर, विभिन्न घट्नाहरूद्वारा उहाँलाई क्रूसमा टाँगिन पुगेको र उहाँको अगुवाइलाई पछ्याउन हामीले प्रतिवद्धता गर्न सक्यौं भने हामी सकलीरूपमा उहाँका भक्त हौं भन्ने सुहाउने अवस्थामा पुग्न सक्छौं (हिब्रू १२:१-४, हिब्रू १३:१२,१३)।

**परमेश्वरले दिन चाहनुहुने सबै आशिष, बरदान र फाइदा वा हितहरूको आधार नै क्रूस हो। यसले हाम्रो पापबाट हामीलाई शुद्ध वा सफा**

**गर्दछ, सेवा गर्न पवित्र वा अलग जीवन बिताउन दिँदछ, र आत्मिकरूपमा बढन् यसले खुराक प्रदान गर्दछ। प्रभु येशूमा हामीलाई के उपलब्ध गराएको छ, त्यसको अझ अर्थमूलकरूपमा उत्तमतरिकाले कसरी अनुभव गर्न सक्छौं?**

## ४. क्रूस र क्षमाको निम्ति चुकाइएको मोल

**येशू स्वर्गको पवित्र मन्दिरमा हाम्रो निम्ति सेवाकार्य गरिरहनुभएको छ। हिब्रू ९:२२-२८ले त्यसको वर्णन कसरी गरिन्छ? हेर्नुहोस्, "२२ वास्तवमा, व्यवस्थाअनुसार रगतले प्रायः सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन।**

**२३ यदि स्वर्गीय कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पऱ्यो। २४ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ। २५ येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। २६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति" (हिब्रू ९:२२-२८)।**

स्वर्गमा भएको पवित्र स्थानको शुद्धिकरण गर्नुपर्छ भन्ने धारणा पुरानो करारमा उल्लेखित पवित्र स्थानमा हुने सेवाकार्यले बुझाउँछ। यदि पौराणिक इस्राएलको पवित्र स्थान वा मन्दिरको बारेमा हामीलाई जानकारी छैन भने, स्वर्गमा भएको पवित्र स्थान वा मन्दिरको अर्थ बुझिन्दैन। पवित्र स्थान परमेश्वरको शासनको प्रतिक हो (१ शमूएल ४:४, २ शमूएल ६:२)। आफ्ना जनहरूको पापलाई कसरी प्रभावकारी रूपमा सम्हाल्नुहुन्छ भनेर सर्वसाधारणलाई त्यहाँ भएको विधिहरूले बुझाउँछ। परमेश्वरको शासन उत्तम र धर्मी छ भनेर पवित्र मन्दिरको अवधारणाले बुझाउँछ (भजन २७:२)। परमेश्वर सारा जगतको शासक हुनुहुन्छ। उहाँले आफ्ना जनहरूको न्याय

गर्नुहुन्छ, र उहाँ न्यायोचित हुन उहाँबाट अपेक्षा गरिएको छ। निर्दोषलाई उहाँले सफाइ दिनुहुन्छ र दोषी वा दुष्टलाई उहाँले दण्ड दिनुहुन्छ। त्यसकारण, जब उहाँले पापीको पापलाई क्षमा दिनुहुन्छ, तब त उहाँले न्यायप्रणालीको जिम्मेवारी बोक्नुहुन्छ। मानिसको पापले गर्दा परमेश्वरको चरित्र र शासकीय प्रणाली प्रदुषित भएकोछ। पवित्र स्थानले परमेश्वरको चरित्र र शासन प्रणालीको प्रतिनिधित्व गर्दछ। जब परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ तब उहाँले हाम्रो पाप पनि बोक्नुहुन्छ भन्ने अवधारणा पवित्रस्थानमा भएका विधिहरूले व्याख्या गर्दछन् (प्रस्थान ३४:७, गन्ती १४:१७-१९)। हिब्रू भाषाको सुरुको "क्षमा दिनु" *(nōśē नोजे) को अर्थ "बोक्नु, धारण" गर्नु हो।*

इस्राएलमा भएको पवित्र स्थानमा गरिने विभिन्न बलि तथा भेटी प्रथाहरूले यस अवधारणाको बारेमा सिकाउँछ। पौराणिक इस्राएलमा जब कसैले अपराध गरे त्यसको क्षमा पाउन आफू मर्नुको सट्टा पशुलाई ल्याइन्थ्यो। पशुको शिरमाथि आफ्नो पाप राख्थ्यो, र त्यसलाई मारन्थ्यो। त्यस पशुको रगतले वेदीका सिंङ्गहरूमाथि छर्किन्थ्यो वा मन्दिरको पहिलो कोठामा भएको पर्दामा छर्किन्थ्यो। यसले गर्दा, पापीको पाप प्रतिकको रूपमा उसबाट पवित्र मन्दिरमा सारिन्थ्यो। त्यसको अर्थ, परमेश्वर आफैमा त्यो पाप सारिएको देखाएको थियो। वर्षको अन्तमा, वा प्रायश्चितको दिनमा, जसलाई न्यायको दिन पनि भनिन्थ्यो, परमेश्वरले पवित्र मन्दिरलाई शुद्ध गर्नुहुन्थ्यो। अनि विधिपूर्वक न्याय गर्ने जिम्मेवार, पवित्र स्थानबाट अझेल वा सैतानरूपी बलिको बोकोमा सारिन्थ्यो (लेबी १६:१५-२२)।

पृथ्वीमा भएको पवित्रस्थान दुई पवित्र कोठाहरूमा गरिने त्यस दुई किसिमको विधिले स्वर्गको पवित्रस्थानको नमुनालाई देखाउँदछ (प्रस्थान २५:९, हिब्रू ८:५)। यस विधिले परमेश्वर दयालु र न्यायी हुनुहुन्छ भनेर देखाएको थियो। वर्षभरि जसले आफ्ना पापहरू स्वीकार्दै प्रायश्चितको दिनमा गम्भिर हुँदै विश्राम पालन गर्दै र चोखो हुने विधि पालन गर्दथे, तिनीहरू परमेश्वरप्रति बफादार वा निष्ठावान भएको देखाउँथ्यो। जसले परमेश्वरप्रति निष्ठावान भएको देखाउँदैनथे, तिनीहरू "बाहिरन्थे" (लेबी २३:२७-३२)।

**तपाईंको पापको कारण तपाईंले उचित सजायँ भोग्नुपरे तपाईंलाई के हुन्थ्यो होला, सो सोच्नुहोस्। ख्रीष्टले तपाईंलाई के गर्नुभयो सो त्यस सत्य आत्मज्ञानले तपाईंलाई कसरी बुझाउन खोज्दछ?**

**क्रूसमा हाम्रो निम्ति मर्नुभएर हाम्रो पापको क्षमा उपलब्ध गराइएकोमा त्यसले परमेश्वरको चरित्रको बारेमा हामीलाई के प्रकट गर्दछ? हेर्नुहोस्, देहायका पदहरू: रोमी ३:२१-२६ "२१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।," रोमी १:१६,१७ "१६ किनकि सुसमाचारसँग म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि। १७ किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ। यस्तो लेखिएको छ, "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।" र रोमी ५:६-८ "६ किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। ७ धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। ८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।"**

हाम्रो पापहरू क्षमा दिनुको अर्थ स्वर्गमा भएको पवित्र स्थानमा भएको दुई कोठाहरूमा येशूको मध्यस्थताको दुई पक्षहरूलाई देखाउँदछ। प्रथमतः, येशूले हाम्रा पापहरू हटाएर क्रूसमा आफैले बोक्नुभएको थियो, जसले गर्दा प्रत्येक व्यक्ति जसले उहाँमाथि विश्वास गर्दछ उसलाई क्षमा उपलब्ध गराइएको हुन्छ (प्रेरित २:३८, प्रेरित ५:३१। जसले उहाँलाई विश्वास गर्छ उसले पाउने क्षमाको अधिकार येशूले क्रूसद्वारा उपलब्ध गराउनुभएको थियो,

किनभने उहाँले तिनीहरूको पाप बोक्नुभएको थियो। उहाँले नयाँ करारको पनि उद्घाटन गर्नुभएको थियो। त्यसमा परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू पवित्र आत्माको सहयोगले विश्वासीहरूको हृदयमा राख्न वा लेख्न उहाँलाई अनुमति दिएको हुन्छ र सो काम गर्न उहाँलाई सजिलो बनाउँछ(हिब्रू ८:१०-१२, इजकिएल ३६:२५-२७)।

दोस्रो पक्ष, येशूको सेवाकार्यमा न्यायको पक्ष गाभिएको छ। त्यो न्याय येशूको दोस्रो आगमनभन्दा पहिले हुनेथियो जुन हिब्रूको दृष्टिकोणमा भविष्यमा हुनेथियो (हिब्रू २:१-४, हिब्रू ६:२, हिब्रू ९:२७, हिब्रू १०:२५)। यो न्याय परमेश्वरका जनहरूबाट सुरु हुन्छ जुन देहायका पदहरूमा उल्लेख गरिएको छः दानिएल ७:९-२७, मत्ती २२:१-१४, र प्रकाश १४:७। यसको लक्ष्य नै परमेश्वर धर्मी हुनुहुन्छ र उहाँका जनहरूको पापलाई उहाँले क्षमा गर्नुहुन्छ भनेर देखाउनु हो। यस न्यायमा सारा जगतले देख्ने गरेर विश्वासीहरूको लेखा उघार्नेछ। जब पापी मानिसहरूले येशूलाई विश्वास गर्छन्, उहाँ मुक्तिदाता भनेर ग्रहण गर्छन् र पवित्र आत्मालाई काम गर्न दिन्छन् तब तिनीहरूको हृदय र जीवनमा के हुनेरहेछ भनेर त्यस न्यायमा परमेश्वरले देखाउनुहुनेछ।

यस न्यायको मामिलामा एलेन जी ह्वाइटले यसरी व्यक्त गर्दछिन्, "पापको दोषबाट सफाइ पाउन मानिस आफै सक्षम् छैन। पापको दागले भरिएको उसका पोशाकहरू ओढ्दै, आफ्ना दोष स्वीकार्दै, त्यो व्यक्ति परमेश्वरको सामु उभिएको हुन्छ। तर हाम्रो वकिल येशू सबै मानिसहरूको निम्ति प्रभावकारीरूपमा अनुनयविन्ती गर्दै परमेश्वरको अगाडि राख्नुहुन्छ। तर तिनीहरू आफ्ना पापहरूलाई स्वीकार गर्दै, पश्चातापी भएर तिनीहरूको विश्वास, आस्था र निष्ठा येशूमा राखिरहनुपर्दछ। तिनीहरूको निम्ति येशूले बिन्तिभाउ गर्नुहुन्छ गर्नुहुन्छ र तिनीहरूलाई दोष दिनेलाई क्रूसको शक्तिशाली तर्कले परास्त्र गर्नुहुन्छ। परमेश्वरको व्यवस्थाको आज्ञाकारितामा क्रूसमा मर्नुपरेतापनि उहाँ पूर्ण र सिद्ध हुनुभएकोले उहाँलाई स्वर्ग र पृथ्वीमा सबै शक्ति र अधिकार दिएको थियो। दोषी मानिस, उहाँको पितासँग पुनर्मिलन गर्न **र** उहाँको दया र सदाशयताको दावी उहाँले गर्नुहुन्छ।...हामी हाम्रा पापको अवस्थाको महसुस गर्दै, हामी येशूमा भर पर्नुपर्दछ, जो हाम्रो धार्मिकता, हाम्रो पवित्रतता र मुक्ति हुनुहुन्छ। सैतानले हामीमाथि दोष थुपारेको छ भने हामी त्यसको सामना गर्न सक्दैनौं। हाम्रो निम्ति ख्रीष्टलेमात्र प्रभावकारीरूपमा विन्ति गर्नुहुन्छ। उहाँले दोष दिनेको मुख टाल्नुहुन्छ। तर हाम्रो धर्मकर्म वा अथक

प्रयास र गुणहरूलाई साक्षी राखेर होइन उहाँको आफ्नै गुणहरूले हामीलाई ढाकेर हाम्रो प्रतिद्वन्द्वी सैतानसँग उहाँ मुकाबिला गर्नुहुन्छ।"-*टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ४७१,४७२बाट रूपान्तरित।

***हाम्रो निम्ति येशूको सेवाकार्य र क्रूसमा जे गरियो त्यसले हामी ढुक्क भएर कता हेरिरहनु सघाउँछ, तर, फेरि त्यसैबखत न्यायको मामिलामा हामी नम्र र पश्चातापी मनस्थितिमा किन रहिरहनुपर्दछ?***

## उपसंहार

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित देहायका सामग्रीहरू पढ्नुहोस् (हातमा पुस्तक नभएपनि देहायको वेवसाइटमा पानुहुन्छः https://m.egwwritings.org/)। द *दिजाएर अभ एजेजको* पृ. ७४१-७५७को "कलभरी" र पृ. ७५८-७६४को "इट इज फिनिश्ड।"

आन्ड्र्युज युनिभर्सिटको प्रध्यापक जिरी मोस्कालाले येशूको आगमनभन्दा पहिले हुने न्यायको बारेमा व्याख्या गर्नुभएको छ। परमेश्वर "पसलमा जस्तै हाम्रा पापहरूलाई सबैको अगाडि देखाउन चाहनुहुन्न। त्यसको विपरित, सारा जगतको सामु उहाँको मानव जीवनलाई परिवर्तन गर्न सक्ने अचम्मको अनुग्रह उहाँले औँल्याउनुहुन्छ। उहाँ नै हाम्रो जीवनको सही वा सत्य साक्षी हुनुहुन्छ। परमेश्वरप्रति मेरो मनस्थितिलाई, मेरा नियतहरूलाई, मेरा सोचविचारहरूलाई, मेरा कामहरूलाई, मेरा परिस्थितिहरू र मेरो जीवनका निर्देशनहरूलाई उहाँले जगतका सारा जीवहरूको सामु राखिदिनुहुनेछ। उहाँले नै ती सबै कुराहरू देखाइदिनुहुनेछ। मैले धेरै गल्तीहरू गरें, मैले उहाँको पवित्र व्यवस्थालाई भङ्ग गरें भनेर येशूले साक्षी दिनुहुनेछ। तर, मैले पश्चाताप गरें, क्षमा मागें र उहाँको अनुग्रहले म नयाँ व्यक्तिमा परिवर्तन भएँ भनेर उहाँले व्याख्या गर्नुहुनेछ। जगतको सामु उहाँले यो घोषणा गर्नुहुनेछः "पापी मोस्कालाको पाप धुन मेरो रगत नै पर्याप्त छ, उसको जीवनको सबै आयामहरूहरू ममा छ, मप्रति र अरू मानिसहरूप्रति उसको मनस्थिति न्यानो र निश्वार्थी छ, ऊ अब भरपर्दो भएको छ। ऊ मेरो असल र विश्वासीलो सेवक हो।"-टुवार्ड अ बिब्लिकल थियोलोजी अभ गड्स जजमेन्टः अ सेलिब्रेशन अभ द क्रस इन सेभेन फेसेज अभ डिभाइन युनिभर्सल जजमेन्ट," *जर्नल अभ एडभेन्टिस्ट थियोलोजिकल सोसाइटी १५* (बसन्त ऋतु २००४): पृ. १५५बाट रूपान्तरित।

"दुवै मुक्ति पाएका मानव प्राणीहरू र पतित नभएका जगतका जीवहरूले येशूको क्रूसमा तिनीहरूको विज्ञान र गीत पाउनेछन्। जब तिनीहरूले येशूको मुहारमा महिमाको चमक देख्दछन् तब त्यो स्वार्थ-त्याग प्रेमको महिमा हो भनेर थाहा पाउनेछन्। कलभरीको प्रकाशको सामु स्वार्थ-त्याग प्रेमको नीति पृथ्वी र स्वर्गको नीति हो भनेर देखिनेछः आफ्नै भलाइको वा आफ्नै भाऊ नखोज्ने प्रेमको स्रोत परमेश्वरको हृदय हो; अनि त्यस प्रेमले ओटप्रोट भएको व्यक्तिले नम्र, कोमल भएर र झुक्दै परमेश्वरको स्वभाव वा चरित्रलाई आफ्नो जीवनशैलीबाट प्रकट गर्नेछ। परमेश्वर त्यस ज्योतिमा रहनुहुन्छ जहाँ कोही व्यक्ति पनि आफ्नो धर्मकर्मले पुग्न सक्दैन।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. १९,२०बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **पापबाट क्षमा पाउन वा आफूले गरेका अपराधहरूबाट चोखो हुन वा मुक्ति पाउन मानव जगतले विभिन्न खालका बलि, त्याग, तपस्या, धर्मकर्म, पूजाआजा आदि गर्ने बानी भएको भएको छ। कतिले त आफ्नो शरीरलाई कष्ट दिएर लामो तिर्थयात्रा गर्दै र अझ जमिनमा लम्पछार गर्दै सयौ किलोमिटर यात्रा गर्दै तिर्थस्थलमा गएको देखिन्छ। कतिले त धर्म कमाउन आफ्नो जीवनलाई सेवाकोरूपमा पनि समर्पण गरेको हुन्छ। अझ कतिले त आफ्नो शरीरका अङ्गहरूलाई भगवानलाई चढाउने भन्दै हात वा खुट्टा ठाडो पार्दै चल्नै नसक्ने गरेर राख्दछन्। परमेश्वरलाई खुशी पार्ने यस्ता र आफूले आफैलाई पिट्ने र आफ्नो शरीरलाई जोखिममा पारेर उपवास बसेको बसै गर्दै अरू बहादुर कामहरू गरेका हुन्छन्। येशूको बलि र क्रूसले गर्दा सबै खालका मानवीय धर्मकर्म, त्याग, तपस्या, पशुपंक्षी बलि अझ मानव बलि दिने जस्ता क्रियाकलापहरूको अन्त्य भएको बाइबलले ठोकुवा गर्दछ। हेर्नुहोस्, "२५ “यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउन्जेलसम्म सात ’सातहरू÷ र बयसट्ठी ’सातहरू÷ हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी ’सातहरू÷ पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई**

विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात÷ * को लागि तिनले एउटा करारको सदर गर्नेछन्। *'सात÷-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्।* अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन" (दानिएल ९:२५-२७) र "१५ पवित्र आत्माले पनि हामीलाई गवाही दिनुहुन्छ। पहिला उहाँ भन्नुहुन्छ, १६ "ती दिनपछि तिनीहरूसँग बाँध्ने मेरो करार यही हो, परमप्रभु भन्नुहुन्छ, तिनीहरूका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका मनमा पनि म त्यो लेखिदिनेछु।" १७ तब उहाँ भन्नुहुन्छ, "तिनीहरूका पाप र तिनीहरूका दुष्कर्महरू म फेरि सम्झनेछैनँ।" *१८ अब जहाँ यी सबैको क्षमा हुन्छ, त्यहाँ अब फेरि पापको निम्ति कुनै बलि छैन"* (हिब्रू १०:१५-१८)।

आ. फेरि त्यसैबखत, विश्वासीको जीवनमा त्याग वा निस्वार्थ जीवनको भूमिका के छ? आफ्नो क्रूस उठाएर उहाँलाई पछ्याउनु पर्छ (मत्ती १६:२४), वा प्रेरित पावलले हाम्रा शरीरहरूलाई "जिउँदो बलि, पवित्र र परमेश्वरको निम्ति ग्रहण योग्य गरि अर्पण गर्नुपर्छ" (रोमी १२:१)को अर्थ के छ? येशूले मत्ती १६:२४ र पावलले रोमी १२:१मा दिएका निर्देशनहरू र हिब्रू १३:१५,१६को बीचमा के सम्बन्ध छ? हेर्नुहोस्, हिब्रू १३:१५,१६ "१५ यसकारण परमेश्वरलाई येशूद्वारा प्रशंसाको बलि निरन्तर चढ़ाऔं। यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो। १६ भलाइ गर्न र आफूसँग भएका कुरा बाँड़चूँड़ गर्न नभुल, किनकि यस्तै बलिहरूमा परमेश्वर प्रसन्न हुनुहुन्छ।"

## कथा ९
## विश्वासको निम्ति सतावट
## किना, १४, लाओस



एक दिन १४ वर्षकी किना हस्याङ्गफस्याङ्ग गर्दै लाओसमा रहेको एडभेन्टिस्ट पास्टरको घरको ढोकामा घचच्याइन्। उनको हातमा उनका आमाबाबुहरूले बाँधेका डोरीहरू थिए। आमाबाबुले उनलाई कुटेका थिए र दाजुले पनि उनलाई लात्तीले हानेका थिए। उनको अपराध? येशूलाई विश्वास गरेर एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने उनको निर्णयले गर्दा सबै थोकहरू भताभुङ्ग भएको थियो। मायालु आमाबाबु उनको निम्ति भयानक भएर निस्के किनकि उनले परम्पराको धर्मबाट अलगिन निधो गरेका थिए। किनाले आफ्नो आस्था गुमाउन चाहिनन् र केही नयाँ विश्वासीमित्रहरूले उनलाई खास केही सहयोग गर्न सकेका थिएनन्। तिनीहरू गरिब किसानीहरू थिए र आफ्नै जीवन धान्न तिनीहरूलाई मुश्किल भइरहेको थियो। तर तिनीहरूको प्रेम र पवित्र आत्माको शक्तिले उनलाई शान्ति र आशा मिलेको थियो। आफ्नै शरीरको हाडरगतमा भएको सतावटलाई सहन सक्ने शक्ति उनमा भइरहेको थियो। तर येशूको निम्ति सबै जोखिम लिन उनी तयार भएकि थिइन्। तर कहिलेसम्म यो सतावट सहने र कसको संरक्षणमा जाने? आफ्नो घरमा फर्किने बाहेक उनी कहीँ जाने ठाउँ थिएन। आफन्तहरूले पनि येशूलाई त्यागेर प्रकृतिपूजामा फर्किन उनलाई जोड दिए। गाउँको कुनै अगुवाहरूले उनलाई सहयोग गरेनन् किनभने तिनीहरूले पनि आफ्नै आमाबाबुको कुरा सुन्नुपर्छ भनेर उक्साएका थिए। लाओसमा होस जहाँ होस् आमाबाबुको कुरा सुन्नु असलै छ किनभने एफिसी ६:१मा लेखिएको छ, "छोरा-छोरी हो, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन गर, किनकि यो उचित हो।" तर कतिसम्म बालबालिकाले आफ्ना आमाबाबुको कुरा सुन्ने? घाऊ नै घाऊ भएको शरीर लिएर पास्टरको घरमा उनी आएकी थिइन् तर केही समयपछि उनको आफन्तकहाँ किनालाई राखे। उनको आमाबाबुले उनलाई खोज्न आउला भनेर उनी डराएकी थिइन्। उनी आफ्नो घरबाट पाँच दिन लुकेर बसिन्। आमाबाबुले उनलाई मार्ला भनेर उनी

तर्सेकी थिइन्। एक दिन त उनको बुबाले उनको टाउकोमा बन्दुक पनि पड्काएको थियो। तर जति दुःख पाएतापनि किनाको दिमाग र विश्वास स्पष्ट थियो। उनको निम्ति प्रार्थना गर्नुहोस्। स्वर्गदूतहरूले उनलाई रक्षा गरुन् भनेर प्रार्थना गर्नुहोस्। उनका आमाबाबुको निम्ति पनि प्रार्थना गर्नुहोस् ताकि तिनीहरूले उनलाई आत्मनिर्णयको स्वतन्त्रता प्रदान गरुन्। चर्चका विश्वासीहरूले पनि उनलाई राहत दिन सकुन् भनेर प्रार्थना गर्नुहोस्। सायद उनी एडभेन्टिस्ट स्कूलमा पढ्न पाए राहत मिल्लाकि भनेर प्रार्थना गर्नुहोस्। चर्चका सदस्यहरूलाई यस कठिन परिस्थितिमा सहयोग गर्न सकुन् भनि प्रार्थना गरिदिनुहोस्।

**-आन्ड्रयु मेकचेस्ने।**